# दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १९ प्रकाशन मिति : २०७७/१२/३१

## भाग १

# दुहवी नगरपालिका

## दुहवी नगरपालिकाको तीन पाङ्ग्रे "ई" रिक्सा दर्ता गर्न बनेको ऐन २०७७

# दुहवी नगरपालिकाको तीन पाङ्ग्रे "ई" रिक्सा दर्ता गर्न वनेको ऐन २०७७

आठौ नगरसभा बाट पारित मिति :-२०७७।१०।३०
प्रमाणिकरण भएको मिति :-२०७७/१२/१७

प्रस्तावना ,

यस नगरपालीका क्षेत्र भित्र तीन पाङग्रे ई रिक्सा दर्ता ,नविकरण ,बाटो इजाजत सम्वन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ को दफा १४ को (२) ले दिएको अधिकार प्रयोग गरी दुहबी नगरपालिकाको आठौँ नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :- (१) यो ऐनको नाम दुहबी नगरपालिकाको तीन पाङग्रे ई रिक्सा दर्ता ऐन "२०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुने छ ।

२.परिभाषा :-विषय वा प्रसङले अर्को अर्थ नलागेमा यस ऐनमा -

क. "अधिकार प्राप्त अधिकारी" भन्नाले दुहबी नगरपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ ।

ख. "चालक" भन्नाले सवारी तथा यातायातका ब्यवस्था ऐन २०७६ बमोजीम चालक अनुमति प्राप्त ब्यक्तिलाइ संझनु पर्छ ।

ग. "चालक अनुमति पत्र" भन्नाले सवारी तथा यातायात ब्यवस्था ऐन २०७६बमोजिमको अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमति पत्र संझनु पर्छ ।

घ. “स्थानिय तह” भन्नाले दुहवी नगरपालिकालाई सम्झनु पर्छ ।

ङ. “स्थानीय वाटो” भन्नाले यात्राको लागी प्रस्थान गर्ने स्थानवाट पच्चीस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको वाटो सम्झनुपर्छ ।

च. “सवारी धनी” भन्नाले सवारी दर्ताको प्रमाण पत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति सम्झनुपर्छ ।

छ. “दर्ता प्रमाण पत्र” भन्नाले दफा ५ बमोजिम सवारी दर्ता गरी दिईएको सवारी दर्ता प्रमाण पत्र सम्झनुपर्छ ।

ज. “बाटो इजाजत पत्र” भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था २०७६ को दफा ७३ बमोजिम प्राप्त गरेको इजाजत पत्र सम्झनुपर्छ ।

झ. “बिमा” भन्नाले सवारी ,यात्री ,मालसामान ,चालक ,परिचालक ,सुरक्षाकर्मी ,सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा ब्यवस्थापकले गर्नुपर्ने बिमा सम्झनुपर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने (कम्प्रिहेन्सिभ) बिमालाई समेत जनाउदँछ ।

## परिच्छेद -२
## सवारीको वर्गीकरण

३. सानो सवारी : तीन पाङ्ग्रे इ रिक्सालाई सानो सवारी साधन भनिनेछ ।

## परिच्छेद -३
## सवारी दर्ता सम्बन्धी ब्यवस्था

४. सवारी साधन दर्ता गराउनुपर्ने : (१) नगरपालिका क्षेत्रभित्र तीन पांग्रो ई रिक्सा दर्ताका लागी सवारी धनीले तोकिएको ढाँचामा तोकिएको दस्तुर सम्लग्न राखी खरिद गरेको १५ दिन भित्र दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

५. सवारी दर्ताको प्रमाण पत्र : (१) दफा ४ वमोजिम कुनै सवारी दर्ता गराउनको लागि दफा ६ वमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचवुझ गरी दरखास्तवालाको नाममा सात दिन भित्र त्यस्तो सवारी दर्ता गरी अनुसूची ३ बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिनु पर्नेछ ।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा अभिभावक वा माथवर संरक्षक समेतको नाम दर्ताको प्रमाण पत्रमा उल्लेख गरी दर्ताको प्रमाण पत्रमा निजको समेत सहीछाप गराउनु पर्नेछ ।

(३) दर्ताको प्रमाण पत्र दिईएको मितिले त्यस्तो प्रमाण पत्रको अवधि एक वर्षसम्म बहाल रहनेछ ।

६. सवारी ल्याउनु पर्ने : ई रिक्सा दर्ता गर्न दफा १० बमोजिम सवारी नामसारी गर्न दरखास्त दिने ब्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी गराउन चाहेको सवारी समेत कार्यालयमा दरखास्त साथ ल्याउनु पर्ने छ ।

७. सवारीको लगत राख्नु पर्ने : अधिकार प्राप्त अधिकारलि प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ को दफा २८ वमोजिम सवारीको लगत राख्नु पर्नेछ ।

८. दर्ताको प्रमाण पत्र नवीकरण : दर्ताको प्रमाण पत्रमा लेखिएको म्याद नाघेको तीन महिना भित्र दर्ताको प्रमाण पत्र नवीकरण गराइ सक्नु पर्ने छ ।

९. दर्ताको प्रमाण पत्र स्वतः रद्द हुने : दफा ८ बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएको दर्ताको प्रमाण पत्र स्वतः रद्दहुनेछ ।

१०. सवारीको नामसारी : यस ऐन वमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरु कसैलाई दान वकस वा विकी गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा दुई महिना भित्र सो सवारीको नामसारीको लागी दर्ताको प्रमाण पत्र र सवारी साधनको कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

११. दर्ता प्रमाण पत्रको प्रतिलिपि : दर्ताको प्रमाण पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नवुझिने भएमा वा अन्य कुनै कारणवाट नासिएमा सो भए गरेको मितिले पैंतीस दिन भित्र सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनु पर्नेछ ।

## परिच्छेद –४
## यातायात व्यवस्थापन

१२. बाटो निर्धारण गर्ने : कार्यालयले उपयक्त देखेको ठाउँमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा संचालन गर्न बाटो निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागी सार्वजिनक रुपमा प्रकाशित गर्नुपर्नेछ ।

१३. बाटो ईजाजत पत्रको लागी दरखास्त : यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष बाटो ईजाजत पत्रको लागी तोकिएको दस्तुर सहित दरखास्त दिनुपर्नेछ ।

१४. बाटो ईजाजत पत्र दिनुपर्ने : दफा १३ बमोजिम बाटो ईजाजत पत्रको लागी दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले अनुसूची ११ बमोजिमको ढाँचामा बाटो ईजाजत पत्र दिनु पर्नेछ ।

१५. बाटो ईजाजत पत्र नविकरण : दफा १४ को बमोजिम बाटो ईजाजत पत्रमा लेखिएको म्याद नाघेको १५ दिन भित्र त्यस्तो बाटो ईजाजत पत्र नविकरण गराईसक्नु पर्नेछ ।

१६. बाटो इजाजत पत्रको प्रतिलिपि दिने : (१) बाटो इजाजत पत्र हराएमा,च्यातिएमा,झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिन भित्र सवारी धनी वा

व्यवस्थापकले बाटो इजाजत पत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजत पत्रको प्रतिलिपि दिनेछ ।

## परिच्छेद –५
## बीमा सम्वन्धि व्यवस्था

१७. सवारीको वीमा गराउनु पर्ने : प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ को दफा १४६ वमोजिम सवारी धनीले सवारीको वीमा गराउनु पर्नेछ ।

## विविध

१८. तीन पांग्रे इ रिक्सा दर्ता नविकरण र नियमन सम्वन्धि आवश्यक नियमावली कार्यपालिका वैठकवाट वनाउन सकिनेछ । अन्यको हकमा तोकिए वमोजिम हुनेछ ।

## **अनुसूचि–१**
## **दफा ४ सँग सम्वन्धित**
दस्तुर तालिका

| क.सं. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर रुपैंयामा |
|---|---|---|---|
| १ | सिटी सफारी (ई रिक्सा) | निजी | ८००। |
| | | सार्वजनिक | १४००। |

**अनुसूचि -२**

**दफा ४ सँग सम्वन्धित**

**<u>सवारी दर्ता किताव</u>**

दुहवी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

दुहवी,सुनसरी ।

| सवारी दर्ता नं. | सवारीको मोडेल वा निर्माण भएको वर्ष | वनाउने कम्पनिको नाम | सवारीको कुल वजन | सवारीको क्षमता सिट वा वोक्ने क्षमता | चेसिस नम्बर | इन्जिन नम्बर | सवारीको रंग | सवारी खरिद मिति | भन्सार तिरेको निस्सा | भन्सार कार्यालयको नाम | नविकरण गर्ने मिति | प्रयोग गर्ने इन्धन | सवारीमा भएको इलेक्ट्□ोनिक उपकरण | चलाउने इलाका | सवारी धनीको नाम थर वतन | सवारी धनीको फोटो र दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

फाँटवालाको सही

कार्यालय प्रमुखको सही

**अनुसूचि-३**
**दफा ५ सँग सम्वन्धित**
**<u>सवारी दर्ता प्रमाणपत्र</u>**

**दुहवी नगरपालिका नगरकार्यपालिकाको कार्यालय दुहवी,सुनसरी ।**
**"ई"रिक्सा दर्ता शाखा**

सवारी दर्ता नं. :
सवारीको किसिम :
दर्ता मिति :
सवारी धनीको नाम, थर,वतन :

सवारी धनीको फोटो

अधिकृतको सही

सवारी धनीको हस्ताक्षर :

दर्ता गर्ने अधिकारीको
हस्ताक्षर :
मिति :

सवारी धनीको फोटो

नामसारी भएको मिति :..

सवारी धनीको नाम, थर, वतन : ................................

नामसारी गर्ने अधिकारीको हस्ताक्षर :

# अनुसूची –४
## दफा ८ सँग सम्वन्धित
## इ रिक्सा दर्ता प्रमाणपत्र नविकरण गराउन दिइने दरखास्त

फोटो

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु,
दुहवी नगरपालिका दुहवी, सुनसरी ।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको सवारी दर्ताको प्रमाणपत्रको नविकरणको लागी लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं ।

१. सवारी दर्ता नम्वर :
२. सवारीको किसिम :
३. सवारी धनीको नाम थर :
४. सवारी नवीकरण म्याद समाप्त भएको मिति :
५. सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नु पर्ने अवधि :
६. सवारी साधन आयकर र वुझाएको निस्सा :
   (क) रसिद वा भौचर नम्वर :
   (ख) मिति :
७. अन्य

दरखास्तवालाको
सही :
नाम, थर :
ठेगाना :
मिति :

कार्यालय प्रयोजनको लागि

नवीकरण गरेको मिति :
नवीकरण गरेको अवधि :

......................
फाँटवालाको सही

................................
नवीकरण गर्ने अधिकारीको सही:

# अनुसूचि–५
## दफा १० सँग सम्वन्धित
## सवारी नामसारी गराउन दिइने दरखास्त

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
दुहवी नगरपालिका
दुहवी, सुनसरी ।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो हक भोगमा रहेको ई.नं.............चेसिस नम्बर.........मोडेल नम्बर...........भएको...........नम्बरको सवारीलाई मैले/हामीलेनिम्नलिखित नाम थर, ठेगानाभएको व्यक्ति/व्यक्तिहरु/फर्म/कम्पनि/संस्थालाई किनाराका साक्षीको रोहवरमा राखि उक्त सवारी निज/निजहरुको नाममा नामसारी गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।माथिको व्यहोरा फरक पारि बिकी/लिलाम/उपहार/बकस गरेको भएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

औंठा छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

बिकी/लिलाम/उपहार/बकस
सही :
नाम,थरः
वर्ष
ठेगाना : प्रदेश.......जिल्ला....
गा.पा./न.पा./उप न.पा./म.न.पा.:
वडा नम्बर : टोल
फोन/मोवाईल नम्बर :
बाबु/पतिको नाम :
बाजेको नाम :

साक्षी (किनारामा राख्ने)
१..
२...

उपउक्त बमोजिमको सवारी साधन माथि उल्लेखित व्यक्ति/व्यक्तिहरु/फर्म/बकस/हकभोग कायम गरी लिएको हो । यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको ठहरी यो नामसारी बदर भएमा कानून बमोजि दण्ड सजाय गरेमा सहन बुझाउन तयार छु/छौं ।

औंठा छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

खरिद गर्ने/लिलाम साकार
गर्ने/उपहार/बकस पाउनेको सही :नाम,थर :
वर्ष :
ठेगाना : प्रदेश.......जिल्ला....

गा.पा./न.पा./उप न.पा./म.न.पा.:
वडा नम्बर : टोल
फोन/मोवाईल नम्बर :
बाबु/पतिको नाम :
बाजेको नाम :

लेखक :

**पेश भएका कागज पत्रहरु :**

१. लिने दिने दुवैको नागरिकता : (क) दिनेको : जिल्ला : नागरिकता नम्वर : मितिः
(ख) लिनेको : जिल्ला : नागरिकता नम्वर : मितिः
२. सवारी आयकर तिरेको प्रमाण :(क) सवारी आयकर वुझाएको कार्यालय :
(ख) मिति :
(ग) अवधि :
(घ) रसिद वा भौचर नम्वर :
३. वारिसनामा वा प्रतिनिधि तोकि आएको भए सोको पत्र, प्रमाण तथा नागरिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपि ।
४. नामसारीको लागि बुझाएको दस्तुर रसिद नम्बर....र मिति..........
५. श्रम ऐन, २०७४ को दफा ८६ को उपदफा (४) वमोजिम सम्वन्धित कामदार वा कर्मचारीलाई तिर्नुपर्ने रकम वुझाएको प्रमाण ।
६. अन्य प्रमाणहरु : (क) सवारी जाँचपास प्रमाणपत्र
(ख) सवारी प्रदुषण प्रमाणपत्र

इति सम्बत २०....साल .........महिना.....गते..रोज......शुभम

कार्यालय प्रयोजनको लागि

उपर्युक्त बमोजिम लेनदेनको मन्जुरी गरी मेरो रोहवरमा सही/सनाखत गरेको र उल्लेखित कागजपत्रहरु समेत पेश गरी सकेको हुँदा नामसारी गरिदिन पेश गरेको छु ।

फाँटवालाको
सही :
नाम, थर :
मिति :

नामसारी सदर गरी प्रमाणित गरिदिने अधिकारीको
सही :
नाम, थर :
मिति :

# अनुसूचि–६
## दफा ११ सँग सम्वन्धित
## "इ" रिक्सा दर्ता प्रमाणपत्रको प्रतिलिपिको लागि दिइने दरखास्त

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू,
दुहवी नगरपालिका
दुहवी, सुनसरी ।

टिकट

मेरो/हाम्रो नाममा यस कार्यालयमा दर्ता भएको निम्न अनुसारको सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि पाउन लाग्ने दस्तुर र आवश्यक प्रमाण समेत यसै साथ संलग्न गरी दरखास्त दिएको छु/छौं । व्यहोरा बुझि दर्ता प्रमाणपत्रको प्रतिलिपि पाउँ ।

१. सवारी धनीको नाम थर :
२. ठेगाना :
३. सवारी दर्ता नम्वर :
४. सवारीको किसिम :
५. प्रतिलिपि लिनुपर्ने कारण :
६. हराएको नासिएको भएमा सोको मिति र स्थान :
७. उक्त व्यहोरा प्रमाणित गर्ने आधार प्रमाण :

८. कुनै कार्यालयको सिफारिस भए सोको : (क) नाम :
(ख) पत्र संख्या : च.नम्वर
(ग) मिति :

९. अन्य :

१०. लेखिएको व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे कानून वमोजिम सहुँला/बुझाउँला

दरखास्तवालाको
सही :
नाम थर :
ठेगाना :
मिति :

कार्यालय प्रयोजनको लागि
रेकर्ड भिडाउँदा सम्पूर्ण व्यहोरा मिल्न गएकोले प्रतिलिपि दिन सिफारिस गर्ने ।

.......................
फाँटवालाको सही
अधिकारीको सही

.......................
प्रतिलिपि प्रमाणित गर्ने

**अनुसूचि–७**
**दफा १३ सँग सम्वन्धित**
**बाटो ईजाजतको लागि दिईने दरखास्त**

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
दुहवी नगरपालिका
दुहवी, सुनसरी ।

टिकट

निम्न अनुसारको यातायात सेवाको सवारीलाई निम्न अनुसारको बाटो इजाजतपत्र पाउनको लागि लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्रहरु राखी दरखास्त दिएको छु । नियमानुसार बाटोको इजाजतपत्र पाउँ ।

१. सवारी धनीको विवरण :
(क) सवारी धनीको नाम थर :
(ख) ठेगाना :
(ग) सवारी व्यवस्थापकको नाम थर :
(घ) सवारी व्यवस्थापकको ठेगाना :

२. सवारीको विवरण :
(क) सवारी नम्वर :
(ख) दर्ता मिति :
(ग) सवारीको किसिम :
(घ) सवारीको इन्जिन नम्वर :
(ङ) सवारीको चेसिस नं.:
(३) सवारीको बाटो इजाजतपत्र माग गरेको क्षेत्र वा बाटोको विवरण :
(क) (ख)
(ग) (घ)

४. यस अधि कुनै कार्यालयवाट बाटो इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण :
(क) पाएको बाटो :
(ख) इजाजतपत्र पाएको नम्वर र मिति :
(ग) बहाल अवधि :
(घ) इजाजत दिने कार्यालय :
(ङ) सहमति पत्र पाएको मिति :

दरखास्तवालाको सही :
नाम, थर :
ठेगाना :
मिति :

कार्यालय प्रयोजनको लागि
१. उक्त सवारीले माग गरेको बाटोको इजाजतपत्र दिन सकिने/नसकिने विवरण खुलाउने :
(क) बाटो इजाजतपत्र दिने नसकिने भए सोको कारण खुलाउने :
(अ)
(आ)
(इ)
२. बाटो इजाजतपत्र नम्वर :
३. बाटो इजाजतपत्रको दस्तुर रु...........भौचर : रसिद नम्वर :
४. संलग्न कागज पत्रहरु :
५. अन्य विवरण :
.............................................
..............
.........................
बाटो इजाजत दिन सिफारिस गर्ने फाँटवालाको सही वाटो इजाजत दिने अधिकारीकारीको सही

## *अनुसूचि–८*
## *दफा १६ सँग सम्वन्धित*
## वाटो इजाजत पत्रको ढाँचा

इजाजत दिने अधिकारीको
नाम :
दर्जा :
दरखास्त :
मिति :
चेसिसको लम्वाई :
इन्जिन नम्वर :
मोडेल :
सवारी निर्माण गर्ने कम्पनि वा संस्थाको नाम र ठेगाना :
वडी तयार गर्ने कारखानाको नाम र ठेगाना :
इजाजत पत्र नं.:
सवारीको किसिम :
सवारी धनी वा व्यवस्थापकको नाम :

## अनुसूचि–९
## दफा १५ सँग सम्वन्धित
## बाटो ईजाजतको नविकरणका लागी दिइने दरखास्त

| टिकट |
|---|

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू
दुहवी नगरपालिका
दुहवी, सुनसरी ।

निम्न विवरण भएको सवारीको निम्नानुसारको बाटो इजाजतपत्र नविकरण गरी पाउनका लागि लाग्ने दस्तुर र आवश्यक कागजात यसै साथ संलग्न राखी दरखास्मत दिएका छु/छौं । नियमानुसार बाटो इजाजतपत्र नविकरण गरि पाउँ ।

१. यातायात सेवाको नाम र ठेगाना :
२. सवारी धनीको नाम र ठेगाना :
३. सवारी व्यवस्थापनको नाम र ठेगाना :
४. सवारी दर्ता नम्बर :
५. सवारीको किसिम :

६. सवारीको बाटो इजाजतपत्र नम्वर :

७. सवारीको बाटो इजाजतपत्र नविकरण गर्नुपर्ने क्षेत्र :

(क)

(ख)

(ग)

(घ)

८. साविक बाटोमा थपघट भएको भए सोको विवरण :

(क)

(ख)

९. बाटो इजाजतपत्रको बहाल अवधि :

१०. बाटो इजाजत नविकरण गर्नु पर्ने अवधि ........... देखि ................. सम्म

११. सवारी विमा सम्वन्धि विवरण :

(क) सवारी विमा :

(अ) विमा भएको मिति :

(आ) अवधि :

(इ) विमा गर्ने कम्पनि वा निकाय :

(ख) यात्रु विमा :

(अ) विमा भएको मिति :

(आ) अवधि :

(इ) विमा गर्ने कम्पनि वा निकाय :

(ग) मजदुर विमा :

(अ) विमा भएको मिति :

(आ) अवधि :

(इ) विमा गर्ने कम्पनि वा निकाय :

(घ) तेश्रो पक्ष विमा :

(अ) विमा भएको मिति :

(आ) अवधि :

(इ) विमा गर्ने कम्पनि वा निकाय :

नाम थर :

ठेगाना :

मिति :

**अनुसूचि-१०**
**दफा १६ सँग सम्वन्धित**

## वाटो इजाजत पत्रको प्रतिलिपिका लागी दिइने दरखास्त

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
दुहवी नगरपालिका
दुहवी, सुनसरी ।

| टिकट |
|---|

यस कार्यालयबाट प्रदान गरिएको सवारी नम्वर...........को बाटो इजाजतपत्र नम्वर...........नासिएको/हराएको/झुत्रो भएकोले उक्त बाटो इजाजतपत्रको प्रतिलिपि पाउन निम्न प्रमाणपत्र सक्कल र प्रतिलिपि संलग्न राखी यो दरखास्त पेश गरेको छु । व्यहोरा साँचो हो झुसट्ठा ठहरे कानून वमोजिम सहुँला/बुझाउँला ।

१. सवारी नम्वर :
२. बाटो इजाजतपत्र नम्वर :
३. जाँचपास प्रमाणत्र :
४. ट्राफिक प्रहरी कार्यालयको पत्र :
५. अन्य प्रमाण :

दरखास्तवालको
सही :
नाम थर :
ठेगाना :
मिति :

## अनुसूचि-११
## दफा १३ सँग सम्वन्धित
## बाटो इजाजतपत्र दर्ता किताव
## दुहवी नगरपालिका नगरकार्यपालिकाको कार्यालय
## दुहवी, सुनसरी ।

१. बाटो इजाजतपत्र नम्बर :

२. यस कार्यालयवाट प्राप्त शुरु वाटोको विवरण

(क) (ख)

(ग) (घ)

३. यातायात सेवाको विवरण :

(क) यातायात सेवाको नाम :

(ख) यातायात सेवाको दर्ता नम्वर र मिति :

(ग) दर्ता गर्ने कार्यालय

(घ) यातायात सेवाको मुख्य कार्यालय रहेको स्थान र फोन नम्वर

४. सवारीको विवरण :

(क) सवारी नं. :

(ख) दर्ता मिति :

(ग) किसिम :

(घ) इन्जिन नम्वर :

(ङ) चेसिस नम्वर :

(च) मोडेल र निर्माता कम्पनि : (अ) मोडेल :

(आ) निर्माता कम्पनि :

(इ) वनेको साल :

(छ) सवारीको वजन क्षमता :

(आ) कुल वजन :

(आ) भार बहन क्षमता :

(इ) सिट क्षमता :

(ज) अन्य :

५. सवारी धनी र सञ्चालन सम्वन्धि विवरण :

(क) सवारी धनीको नाम थर :

(ख) सवारी धनीको ठेगाना :

(ग) सवारी व्यवस्थापक वा सञ्चालकको नाम थर :

(घ) सवारी व्यवस्थापक वा सञ्चालकको ठेगाना :

६.जाँचपास सम्बन्धी विवरण :-

(क) जाँचपास भएको मिति र अवधि :-मिति :- अवधि:-

(ख) जाँचपार गरिदिने कार्यालय :-

७. सवारी बिमा सम्बन्धी विवरण :-

(क) सवारी बिमा :-

(अ) बिमा भएको मितिः-

(आ) अवधिः-

(इ) बिमा गर्ने कम्पनि वा निकाय

८. सवारीमा काम गर्ने कर्मचारीको विवरण :-

(क) चालकको नाम,थर,ठेगाना र अनुमति पत्र नम्बर -

९.सवारी नचलेको समय वा अवधिमा सवारी पार्किङ्ग गर्ने स्थान :-

१०.यस अघि बाटो इजाजतपत्र पाएको भए सोको विवरण अवधि र दिने कार्यालयः-

११.अन्य विवरणः-

**<u>बाटो इजाजतपत्र नवीकरण,बाटो,थप,स्थगित र फुकुवा आदिको विवरण :</u>**

| कायम भएको वा नविकरण भएको बाटोको विवरण | नविकरण मिति | वहाल अवधि | जँचपासको वहाल अवधि र जाँचपास दिनु कार्यालय | वीमाको बहाल अवधि र बिमा गरिएको कार्यालय | बाटो इजाजतपत्र स्थगित र फुकुवा सम्वन्धि विवरण | विवरण राख्नेको हस्ताक्षर | कैफियत (यस महलमा छुट्टै ठाउँ राखी उक्त सवारीमो सम्वन्धमा हरेक पटक भएका विभिन्न निर्णय वा कारवाहीको विवरणहा चढाउन) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले
विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत